# नेपाल खाद्य संस्थान

## योजना विभाग

## प्रधान कार्यालय, काठमाडौ ।

## वोलपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति : २०६८।०२।२७

नेपाल खाद्य संस्थानबाट चालु आ.व. २०६७/०६८ को स्वीकृत कार्यक्रम अनुसारको अञ्चल कार्यालय, काठमाण्डौको नख्खुमा १००० मे.टन क्षमताको आधुनिक गोदाम भवनको निर्माणकार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकाले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यावशायीहरूवाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वक शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

१. वोलपत्रको लागि सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म रू.३,०००।- (तीन हजार फिर्ता नहुने गरी) यस संस्थानमा बुझाई आ.व. ०६७।०६८ को लागि अद्यावधिक नविकरण गरेको इजाजत पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. ०६६।६७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर चुक्ताको लागि पेश गरेको कागजातको प्रतिलिपि) पेश गरेपछि वोलपत्रको फाराम उपलब्ध गराइने छ ।

२. खरीद भएको बोलपत्रहरूमा उल्लेख भएका सवै विवरणहरू प्रष्टसंग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी, सक्कलै बोलपत्र फारम र सोको (BOQ) प्रतिलिपीलाई अलग/अलग खाममा वन्द गरी दुवै खामलाई एउटै खाम भित्र राखी शिलवन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम, पेश गर्ने कार्यलयको नाम समेत प्रष्टसंग लेखी ३१ औं दिन दिनको १२.०० वजे भित्रमा यस विभागमा दर्ता गर्नु गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको १.०० वजे उपस्थित बोलपत्रदाताहरू तथा प्रतिनिधीहरूको रोहवरमा यस विभागमा खोलिने छ । बोलपत्रदाताहरू वा प्रतिनिधीहरूको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र साथ धरौटी वापत कवोल अंक (VAT सहित) को रकम संस्थानको ओ.डि खाता नं.२१४१४८२ ( नेपाल वैंक लि. धर्मपथ काठमाडौ) मा वा सो रकम बरावरको यस संस्थानको नाममा क श्रेणीको वाणिज्य बैंकवाट जारि गरिएको विडवण्ड (वोलपत्र खोलिने मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ ।

४. वोलपत्र स्वीकृत भएपछि ठेक्का अङ्कको ५%ले हुने रकम वरावरको नगद भौचर वा सो बरावरको कम्तिमा १ वर्ष ६ महिनाको लागि मान्य हुने परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

५. बोलपत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलव्ध गराइएको वोलपत्र पुस्तिकामा दररेट सम्बन्धी बाहेक अन्य कुनै द्रष्टव्य उल्लेख नगरेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको वोलपत्र माथि कारवाहि हुने छैन ।

६. वोलपत्र खरिद वा दर्ता गर्ने बोलपत्रदाताहरूले निर्माण स्थल र कामको सम्वन्धमा राम्ररी बुझि दर रेट भर्नु पर्नेछ ।

७. बोलपत्र भर्दा दररेट प्रष्टरूपमा अक्षर र अङ्कमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अङ्क फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

८. वोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

९. बोलपत्रदाताले वोलपत्र भरी अलग/अलग खाममा **"ORIGINAL र BOQ को COPY"** (प्रतिलिपी) समेत पेश गर्नु पर्नेछ ।

१०. कुनै पनि कारण जनाइ वा नजनाई सम्पूर्ण वा आंशिक रूपमा वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थानमा निहित रहने छ ।

११. वोलपत्रदाताले आफुले कवोल गर्ने दररेट मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ ।

१२. संयुक्त उपक्रम (जे.भि.) मा काम गर्ने निर्माण व्यवशायिले संयुक्त लगानी सम्वन्धी सम्झौताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन ।

१३. वोलपत्र सम्वन्धी कागजातमा देहायका प्राविधिक पक्षको मूल्यांकनका आधारहरू स्पष्टरूपमा खुलाइएको छ । सो कागजात पेश गर्दा निम्नलिखित मूल्यांकनका लागि आवश्यक आधारभूत कागजातहरूको प्रमाणित प्रतिलिपी सहित सो सम्वन्धी विवरण फाराम भर्नु पर्नेछ ।
(क) प्रस्तावित कार्यकोलागि आवश्यक अनुभव (ख) जनशक्तिको क्षमता र योग्यता (ग) आर्थिक क्षमताको विवरण (घ) आवश्यक प्राविधिक, मालसामान र उपकरणको विवरण (ङ) पेशागत घोषणा पत्र ।

१४. बोलपत्र सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस विभाग तथा सम्वन्धित कार्यालय काठमाण्डौको थापाथलीमा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

१५. बोलपत्र सम्वन्धी आवश्यक छलफलको "**पूर्व वोलपत्र सम्वन्धी बैठक**" मिति २०६८।०३।१६ गते बिहीबारको दिन योजना विभाग, प्रधान कार्यालयमा दिनको १.०० वजे बस्ने भएकोले सम्वन्धित सम्पूर्ण इच्छुक बोलपत्र दाता उपस्थित हुन सक्नु हुनेछ ।

१६. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरीद ऐन २०६३, नियमावली २०६४ तथा संस्थानको विनियमावलीमा व्यवस्था भए अनुसार हुनेछ ।

१७. कामको विवरण निम्न अनुसार रहेको छ ।

| ठेक्का नं | कामको विवरण | धरौटी रकम भ्याट सहित कवोल रकमको | वोलपत्र खरीद दस्तुर रू. | इस्टीमेट रकम भ्याट सहित रू. | वोलपत्र खरिद गर्ने स्थान, मिति र समय | वोलपत्र बुझाउने स्थान, मिति र समय |
|---|---|---|---|---|---|---|
| खाद्य/ काठमाडौं/ गोदाम निर्माण ०७/०६७/०६८ | १००० मे.टन क्षमताको आधुनिक गोदाम भवन निर्माण | २.५% | ३,०००/- | १,६४,९३,१४२।२३ | ने.खा.सं., योजना विभाग, प्रधान कार्यालय तथा अञ्चल कार्यालय काठमाडौं मिति ०६८।०३।२६ कार्यालय समय भित्र | ने.खा.सं., योजना विभाग, काठमाण्डौं मिति ०६८।०३।२७ समय १२:०० बजे भित्र |

यो सूचना संस्थानको Web site : "**www.nfc.com.np**" मा समेत हेर्न सकिने छ ।

**नेपाल खाद्य संस्थान**
**योजना विभाग**
**फोन : ४२५२३०१**